महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८

अमरगढी नगरपालिका
डडेल्धुरा

महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)

प.सं. २०७८।७९ मितिः२०७८।५।४

च.नं ११०

श्री प्रमुखज्यू,

अमरगढी नगरपालिका, डडेल्धुरा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

....
(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)

प.सं. २०७८।७९ मितिः २०७८।५।४

च.नं १११

श्री प्रमुखज्यू,
अमरगढी नगरपालिका, डडेल्धुरा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले अमरगढी नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्तगर्ने आधार

१. लेखापरीक्षणबाट रु ३ करोड २ लाख ४० हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. १ करोड ७ लाख ७५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड १३ लाख १७ हजार, नियमित गर्नुपर्ने रु. ७१ लाख ६८ हजार र म्याद नाघेको पेश्की बाँकी रु ९ लाख ८० हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २३ (तेईस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

अमरगढी नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ६० सभा सदस्य, १३९.३३ वर्ग किलोमिटर क्षेत्रफल तथा २१२४५ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		४०१३७९७८.७७	१	**चालु खर्च**	२६८९१३९२६.४	
	क) नगद	२४५४६२		२	**पूँजीगत खर्च**	१९१७११६२७	
	ख) बैंक	३९८९२५१६.७७		३	**अन्य**	९३२४१४२३.३६	
				४	**वित्तिय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**		७२२६०६७०.३४		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	२१५५०२१३.३४			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	५०७१०४५७।०			ग) अन्य भुक्तानी		
	ग) अन्य आय			५	**लगानी**		
३	**वित्तिय हस्तान्तरण संघ**		३२६११४२३०		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	९६०००००।००			शेयर लगानी		
	ख) सशर्त अनुदान	२१७६७१३७४			अन्य लगानी		
	ग) समपूरक अनुदान	९५५६३२१।००		६	**धरौटी फिर्ता**	८४०९९९	
	घ) विशेष अनुदान	२८८६५३५।००		७	**जनश्रमदान फिर्ता**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		१९१९६९२२	८	**कोष फिर्ता**		
	क) वित्तिय समानीकरण अनुदान	६७७५०००।००		९	**मौज्दात**		
	ख) सशर्त अनुदान	७११५०००।००			क) बैंक मौज्दात	७१४८८४६०.४७	
	ग) समपुरक अनुदान	२९४७३७२।००			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	२३५९५५०		१०	**शसर्त अनुदान फिर्ता**	३१३४१११४.५३	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			११	**गत बर्षको बढी अल्या**		
६	**अन्य**	६४२०९०७.५	६४२०९०७.५	१२	**जनश्रमदान मौज्दात**		
	क) क्षेत्रीय शहरी विकास योजना			१३	**धरौट मौज्दात**	५४६९२५४.७७	

	ख) सडक बोर्ड नेपाल			१४	**कोष खाताको मौज्दात**	८००९५९४.४७	
	अन्तर सरकारी अख्तियारी	९६८३८११४	९६८३८११४				
	ग) पर्यटन बोर्ड नेपाल				.		
	घ) एन एन एस डब्लु ए						
७	**विभिन्न कोषतर्फको आय**	८००९५९४.४७	८००९५९४.४७				
८	**जनसहभागिता (नगद)**						
९	**विषयगत निकायबाट प्राप्त**						
१०	**धरौटी आय**	६३१०२५३.७७	६३१०२५३.७७				
११	**लगानीको साँवा फिर्ता**						
१२	**अन्य विविध आय**		६७५२०७२९.१९				
	जम्मा		६४२८०९४००		**जम्मा**	६४२८०९४००	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७।१२।९ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :	
	• **वित्तीय विवरण विश्लेषण**	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरनगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरनगरपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ४८८२९२००.० ले फरक देखिएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।तर नगरपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ४३८९१०८२.७७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ४०१३७९७८.७७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३७५३१०४.० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ।	
३.	**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
४.	**बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

सि.नं	खाताको नाम	श्रेस्ता अनुसार २०७७।३।३२को बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०७७।३।३२ को बाँकी	फरक
१	आन्तरिक रजश्व खाता	३२४६०३	६५६१९	(२५८९८४)
२	बाँडफाड बाट प्राप्त राजश्व	९४१५५२४	९४१५५२४	०
३	चालु खर्च खाता	६९३२०४	३७५५१८८	३०६१९८४
४	पुजिगत खर्च खाता	३०६०५९९८	४५३८२५०१	१४७७६५०३
५	धरैटी खाता	५४६९२५४.७७	५३१२७१२	(१५६५४३)
६	बिबिध केष खाता मर्मत	१६५८६८४	१६५८६८४	०
७	प्रकोप ब्यवस्थापन	४९३७७४	५५९०७९	६५३०५
८	संचितकोष खाता	३९८४२४५९.९४	७११८३३९४.४७	३१३४०९३५
	जम्मा	८८५०३५०१.७	१३७३३२७०१.०	४८८२९२००.०

५. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आ आफ्नो कोषको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको छैन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. १५८९२०६८.६५ , पुजीगत खर्च खातामा रु. ३५९८११८१.५१ र विभाज्यकोषमा रु.० समेत गरी रु. ५१८७३२५०.१६ मौज्दात रहेको पाईयो ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको छैन। • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । . निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • भ्रमण अभिलेख खाता नरहेको तथा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।	
	• **बजेट तथा कार्यक्रम**	
७.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यनगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकमा मिति २०७६।३।१० गते रु.४८ करोड ९ लाख १२ हजार ८७० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८. **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

क.स.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु. हजारमा)			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
	चालु खर्चतर्फ	२६८९१३	६३५३८	५३८४५	१५१५३०	२८२४९
	पूँजिगत खर्चतर्फ	१९१७११	१७१०४	२६९८७	१४७६२०	७७८९८
	जम्मा	४६०६२४	८०६४२	८०८३२	२९९१५०	१०६१४७
	प्रतिशत		१७.६	१७.५	६४.९	२९.१७

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार तेश्रो चौमासिकमा रु. २९९१५०000.0 अर्थात ६४.९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१०६१४७००० अर्थात २३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१०. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा बजेटको तुलनामा
१	आर्थिक विकास	३५५४२०००।००	२००३०४११।००	५६.३६
२	पूर्वाधार विकास	१५७१२१०००।०	९३९५८७६८।००	५९.८
३	सामाजिक विकास	२०००४४०००।००	१६८८६४८२६।४	८४.४१

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

४	बातावरण तथा विकास			
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३७५०००।००	१३८४३१७।००	३६.९२
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	९८०५५८७०।००	४५६६१८००.४७	८१.१३
	जम्मा		४६०६२५५५३.४७	४९४५१२८७०.०

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी प्रतिशत सामाजिक विकासमा खर्च गरेको छ भने वातावरण तथा विकासमा रकम खर्च गरेको छैन।

११. **खर्च बिश्लेषणः** नगरपालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु २१५५०२१३.३४ राजस्व बाँडफाँड र अनुदानबाट रु ५५६२२४५८३.३७ समेत रु. ५७७७७४७९६.७१ आम्दानी भएकोमा चालु तर्फ रु. २६८९१३९२६.४७ र पूँजिगत तर्फ रु. १९१७११६२७.० र बित्तिय ब्यबस्था तर्फ रु ०.०० समेत रु ४६०६२५५५३.४७ खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.६७ प्रतिशत रहेको छ।नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.३ प्रतिशत चालु र ४१.७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१२. **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १२८३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	१८				१८
सहायक कार्यक्रम संख्या	४३५				४३५
रकम	१८३७००				

संगठन तथा कर्मचारी ब्यवस्थापन

१३. **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर नगरपालिकाले विभिन्न पदमा ५६ जना कर्मचारीहरु करारमा राखि रु ११८७४१८०.० खर्च लेखेकोमा निज करार कर्मचारीहरुको करार नियुक्ति तथा करार अवधिको म्याद थप गरेको प्रमाण पेश भएको छैन। साथै नगरपालिकाले देहाय बमोजिमको पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता खर्च लेखेको छ ।

पद	स्वीकृत दरबन्दी	पदस्थापना	बढी कर्मचारी
लेखापाल(स.पाचौं)	१	२	१
कम्प्यूटर अपरेटर	१	१	१
खरीदार	२	४	४

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१४.	**कल्याण कोष** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१००००००.० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था गरेको छैन।कर्मचारी अवकाश सम्बन्धि कार्यविधि तयार गरी लागू गर्नु पर्दछ।	
१५.	**कानुन निर्माण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ९ वटा ऐन, २ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।	
१६.	**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५/७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।	

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
६८	४६	४१	१३	१९	१८७

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु. १ लाखसम्मका जम्मा ६८ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र ११४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र वितरणमुखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावीत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	
	• **कानून निर्माण एवं कार्यान्वयन**	
१७.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ रहेको, यो बर्ष थप भएको २ गरी कुल ६ विवाद दर्ता भएकोमा ५ वटा फछ्यौंट भएको छ भने १ वटा फछ्यौंट बाँकी रहेको छ।	
१८.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरएतापनी कारोबारको विवरण आन्तरिक लेखापरिक्षकबाट गराएको छैन।साथै आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले, कार्यरत रहेका प्रशासनिक कर्मचारीबाट आन्तरिक लेखापरीक्षण गराउन मिल्ने देखिएन।	
	• **पदाधिकारी सुविधा**	
१९.	**स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट रु २३११००.० मासिक सुविधा वापत भुक्तानी भएको छ ।	
२०.	**स्वकीय सचिव र सल्लाहकार** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्नहुने उल्लेख छ । कार्यालयले कानूनी सल्लाहाकार नियुक्त गरी मासिक रु १५०००.० का दरले रु १८००००.० भुक्तानी गरेको छ।	
२१.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु १५८१७४९.० खर्च गरेको छ ।	
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
२२.	**सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार नगरपालिकाले २ थान दुई पांग्रे सवारि साधन र एउटा गाडी खरिदमा गरी रु. ६३८७२५८.० खर्च गरेको छ।	

सि.नं	सवारी साधन	संख्या	रकम
१	मोटरसाईकल	२	५२४९६३
२	कार/जिप	१	५८६२२९५
	जम्मा		६३८७२५८.०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• **कर दस्तुर एवं आन्तरिक आय**	
२३.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ ।नगरपालिकाले पेश गरेको आय– व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित २ करोड आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. २१५५०२१३.३४ अर्थात अनुमान भन्दा ७.७५ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
२३.१.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।रु हजारमा	

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४३९०७५३४०.१३	२१५५०२१३.३४	४ .९

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.९ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
२४.	**कर तथा शुल्क असुली** – स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।रु हजारमा	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२७०००००।००	२१६०९३६।००	८०
घरजग्गा वहाल कर	७०००००।००	३३९१०८१।२५	४८४.४४
व्यवसाय कर	१५०००००।००	१३९४१९५।००	९२.९
अन्य		१४६०४००१.०९	
जम्मा	४९०००००.०	२१५५०२१३.३४	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
२५.	**राजश्व अभिलेख :** कार्यालयलको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ।नगरपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा, छपाई भएको नगदी रसिदहरुको आम्दानी, वितरण तथा फिर्ताको पुरा अभिलेख नगरपालिकामा आएको देखिएन।अघिल्लो आ.व.को समेत विवरण पेश नभएकोले बाँकी के कति छन् यकिन गर्न सकिएन।यसर्थ कार्यालयमा वास्तविक आम्दानी भएको राजस्व दाखिला भए/नभएको सम्बन्धमा तहाँबाटै छानबिन गरिनुपर्दछ।साथै सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।	
२६.	**रसिद नियन्त्रण खाताः** आम्दानी तर्फ प्रयोग भएका नगदी रसिदको गत वर्षको जिम्मेवारी,यो वर्षको आम्दानी र बाँकि विवरण देखिने गरी रसिद नियन्त्रण खाता सो को आर्थिक विवरण तयार गरेको छैन । दैनिक रुपमा प्राप्त भएको राजश्वको विवरण तथा बैंक दाखिला विवरण देखिने गरी अभिलेख राखेको छैन । यो वर्ष छपाई गरेको सि.नं. १ देखि कति सम्म छपाएको सो को विवरण छैन ।सि.नं.१००१-१०९९सम्मको १ प्याड कसलाई बुझाएको र सो को के कति आम्दानी सो रसिद थान प्राप्त हुन आएन । सि.नं. १ देखि ४६०० सम्म प्याड बुझाएको देखिनन्छ । सो प्याडहरु के कति आम्दानी भयो सो को अभिलेख व्यवस्थित गरी राखेको छैन ।	
२७.	**राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत,१५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १२ वटा वडा नगरपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको सम्बन्धमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
२८.	**प्राविधिक विल सम्वन्धमाः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३मा खरिद सम्झौता (१) अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दप्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको कतिपय ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्यांकनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । यसरी काम गर्ने क्रममा लागत अनुमान भन्दा वास्तविक काममा केहि न केहि मात्रामा कम अथवा बढि हुने नै गर्दछ । तसर्थ लागत अनुमान वरावर नै मूल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्वन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधकले उपभोक्ता समितिको विल वनाउँदा नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा बनाउनु पर्दछ ।	
२९.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३)घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन ।साथै नियम ९७ समितिले प्रत्येक मा उपभोक्ता (७) किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।	
	सशर्त कार्यक्रम	
	स्थानिय पूर्वाधार विकास साझेदारी तथा समपूरक तर्फ	
३०.	**अधुरो संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३क) मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा खरिदको आवश्यकता पहिचान गरी पूर्ण खरीद प्रकृया अवलम्बन गरी खरिद कार्य स्वीकृति गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले स्थानीय पूर्वाधार कार्यक्रम अन्तर्गत बिनियोजित देहायको मन्दिर संरचना निर्माणका लागि लागत अनुमान तयार गरी निम्नानुसार रकम भुक्तानी गरेकोमा, सम्झैता बमोजिम कार्य नगराई रनिङ्ग बिलमात्र भुक्तानी गरेको छ।आंशिक संरचना मात्र निर्माण भई सोको रकम भुक्तानी भएको र बाँकी कार्य सम्पन्न हुन नसकि कार्यसम्पन्न पेश भएको छैन।मन्दिर निर्माणको स्रोत समेत सुनिश्चित नभएको अवस्थामा, केही अंशमात्र निर्माण गरेर छोड्ने र अधुरो संरचना खडा गरी उपयोगहिन अवस्था श्रृजना भई सरकारी श्रोत साधनको नोक्सानी हुने अवस्था विद्यमान छ।आंशिक संरचनामात्र निर्माणका रकम भुक्तानी गरेको कार्यसम्पन्न पेश गर्नुपर्ने रु	५९११३६०.०

भौ.नं/मिति	योजनाको नाम	लागत अनुमान	भुक्तानी रकम
१८/२०७७/३/२८	समौजी मन्दिर निर्माण वगाडी चुचाडा	९१७९५३	७९३१४१
१८/२०७७/३/२८	दुमडा समौजा मन्दिर वडा नं	९४१२७९	३५९१४२

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	१८/२०७७/३/२८ | उग्रतारा वेद विद्याश्रम र मन्दिर निर्माण | ६१७४८४२ | ४७५९०७७	
	जम्मा | ८०३४०७४ | **५९११३६०**	
३१.	**नगरपालिका भवन निर्माणः** कार्यालयले नगरपालिका भवन निर्माणको लागी रोयल कन्स्ट्रक्सनलाई, धनगढीसँग मिति २०७४/३/२८ मा रु ६९८३३२२०.१२(मू.अ.कर समेत) मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा, मिति २०७७/३/२७ मा कार्यसम्पन्न भई रु ७९२६१८३३.८३ (मू.अ.कर समेत) भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्।	
३१.१.	सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरिक्षण र परीक्षणको व्यवस्था गर्नुपर्ने तथा नियम ११२(१) मा दश लाख माथिको खरिद सम्झौतामा अनिवार्य बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले भवन निर्माण सम्झैतामा बिमाको व्यवस्था गरेको छैन भने भवन निमार्णको **Materials Test, Concerete Test** लगायतका गुणस्तर परीक्षण नगरेको हुनाले, निर्मित संरचना गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन।	
३१.२.	सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८(१) मा पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा आईपरेमा मात्र कार्यालयले भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ। कार्यालयले भवन निर्माणको क्रममा तीन पटकसम्म गरी रु १३६०२८४०.४२ अर्थात् सम्झैता अंकको १९.४२ प्रतिशत हुने गरी, कुल ३६ नयाँ आईटम थप गरी भेरिएशन आदेश नगरप्रमुखबाट मिति २०७६/१२/६ मा स्वीकृत गराएको छ। भेरीएशन आदेश स्वीकृत गर्दा पूर्वानुमान गर्न नसकिने परिस्थीत आईपरेको कारण पुष्टि भएको छैन भने पटक पटक भेरिएशन गरिनुले शुरु लागत अनुमान तथा सो बमोजिम भएको सम्झैतामाथी प्रश्न गर्नुपर्ने स्थिती देखियो। साथै भेरिएशन गर्दा नयाँ थप भएको आईटमको दर **Negotiated Rate** का आधारमा तय गरिनुपर्नेमा, निर्माण व्यवसायीले प्रस्ताव गरेको दरमा नै भेरिएशन स्वीकृत गरेकोले, खरिदमा मितव्ययीता कायम भएको मान्न सकिएन।	
३१.३.	सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(१) मा खरिद सम्झैता बमोजिम निर्माण सम्पन्न भएको तिस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्दछ। भवन निर्माण सम्पन्नको तिस दिनमा निर्माण व्यवसायीले एज बिल्ट नक्सा पेश गरेको छैन। एज बिल्ट नक्साबिना कार्यालयले नापजाँच गरी नापी किताब चढाएकोले निर्माण व्यवसायीद्वारा भएका वास्तविक कार्य तथा कार्यालयबाट भएको नापीमा फरक पर्ने हुनाले, एज बिल्ट नक्सा पेश भएर सो बमोजिमको कार्यालयबाट नापजाँच भई रकम भुक्तानी दिने व्यवस्थाको कार्यान्वयन गरिनुपर्दछ। कार्यालयको परिसरमा गरिएको कम्पाउन्ड वाल लगाई फिलिङ्ग गरेकोमा उक्त कार्य करिक १० सेन्टिमिटर दबिन गएको देखिन्छ। सो कार्यको सुधार अवधि बाँकी रहेकोले निर्माण व्यवसायीबाट उक्त कार्य गराउनु पर्दछ।	
३२.	**सिमा नाघी उपभोक्तामार्फत योजना कार्यान्वयनः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम(संचालन कार्यविधि) नियमावली,२०७६ को नियम ११(३) मा यस नियमावली बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्दा पचास लाखभन्दा माथि लागत अनुमान भएको आयोजना बोलपत्रको माध्यबाट कार्यान्वयन गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले सो कार्यक्रम अन्तर्गत रु ६१७४८४२.१२ लागत अनुमान भएको उग्रतारा विद्याश्रम र मन्दिर निर्माण योजना उपभोक्ता समितीमार्फत संचालन गरेको छ। नियमावलीले तोकिएको सिमा नाघी उपभोक्ता समितीमार्फत योजना कार्यान्वयन गर्नु उपयुक्त देखिएन।	
३३.	**संचित कोष फिर्ता गर्नुपर्नेः** शशर्त तर्फका कार्यक्रमहरुमा विनियोजन रकम आ.व. को अन्त सम्म तोकिएको कार्यक्रममा खर्च गरी बाँकि रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्दछ। नगरपालिकाले देहायको कार्यक्रमकको रकम रु १०२८८६८१ आन्तरिक श्रोतमा लागि जम्मा गरेको छ । तोकिएको कार्यक्रममा	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>खर्च हुन बाँकि रकम आन्तरिक तर्फ जम्मा गरेकोले सो रकम फिर्ता गरी संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>६-०७७/०३/२७</td><td>स्थानिय तह प्रशासनिक भवन पुर्वाधार विकास</td><td>१०२८८६८१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०२८८६८१</td></tr>
</table>
</td><td>१०२८८६८१.०</td></tr>
<tr><td>३४.</td><td>शित गृह निर्माणः विशेष अनुदान कार्यविधि,२०७५ को दफा ७ (घ) मा स्थानिय तहको हकमा संघिय विशेष अनुदानबाट रु ५० लाख भन्दा कम लागत अनुमान भएको कार्यक्रममा लगानी गर्न नपाईने ब्यहोरा उल्लेख छ ।दफा नं ८ (२)मा सो अनुदानको रकमको कार्य उपभोक्ता समितिबाट गर्न नपाईने समेत उल्लेख गरिएको छ । नगरपालिकाले शित गृह निर्माणको लागि रु ३८५९३९९ को लागत अनुमान तयार गरी शित गृह पुर्वाधार निर्माण उपभोक्ता समितिबाट निर्माण कार्य गराई रु २५४६५३५ भुक्तानी गरेको छ।नगरसभाको स्वीकृत बजेट तथा कार्यक्रमा नपरेको र विशेष अनुदान कार्यविधि विपरीत गई खर्च भएको कार्य अनियमित कार्य रु</td><td>२५४६५३५.०</td></tr>
<tr><td>३५.</td><td>निर्माण कार्यको बिल नभएकोः ३२-०७७/०२/११ सार्वजनिक खरीद नियमावलि,२०६४ को नियम १२३ मा खरीद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यहोरा उल्लेख छ । नगरपालिकाले बडा नं ७ पोखरा खानेपानी योजनामा उपभोक्ता समितिलाई रु ३६४३९३० नेपाल सरकार तथा फिनल्याण्ड सरकारको श्रोतबाट रु ३५६०७० नगरपालिकाको समपुरक कोषबाट गरी रु ४००००००० भुक्तानी गरेको छ ।सो खानेपानी योजनामा के कति कार्य भएको छ सो को बिल तथा नापी किताब तयार नगरी भुक्तानी गरेको छ ।सो योजनामा नेपाल सरकारले ८.८ प्रतिशत र फिनल्याण्ड सरकारको ४६.२ प्रतिशत अंश रहने तथा उपभोक्ता समितिको २५ प्रतिशत र नगरपालिकाको २० प्रतिशत रहनेमा भुक्तानी रकममा सो प्रतिशतको आधारमा भुक्तानी गरिएको छैन । सम्झौता बमोजिम श्रोतगत तथा नापी किताब र रनिङ बिल विना भुक्तानी गरिएकोले कामको आधारमा भुक्तानी नगरेको रकम अनियमित खर्च रु</td><td>४००००००.०</td></tr>
<tr><td></td><td>बहुक्षेत्रिय पोषण कार्यक्रम</td><td></td></tr>
<tr><td>३६.</td><td>पोषण कार्यक्रम ६-०७७/०३/२७ कार्यलयले स्वीकृत वार्षिक कार्यक्रमहरु आर्थिक वर्ष भित्र सम्पन्न गर्नेगरी कार्य गर्नुपर्दछ । पोषण कार्यक्रम अन्तर्गत मिति २०७७/४/२२ गते कार्यक्रम गरी २०७७ असार मसान्तमा बजेट खर्च गरेको छ । कार्यक्रम सम्पन्न नहुँदै बजेट खर्च गरेको अनियमित देखिएको रु</td><td>४२०९००.०</td></tr>
<tr><td>३६.१.</td><td>कर दाखिलाः सामग्री खरिदबाट कट्टा भएकोले रु ६३१४.० अग्रिम कर कट्टि गरी दाखिला नभएकोले, सो रकम दाखिला गर्नुपर्ने रु</td><td>६३१४.०</td></tr>
<tr><td></td><td>प्रकोप व्यवस्थापन तर्फ</td><td></td></tr>
<tr><td>३७.</td><td>कोभिडमा सहयोग गरेबापत भत्ताः कोभिड संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखीम भत्ता व्यवस्थापन आदेश २०७७ अनुसार कोभिड१९ को रोकथाम नियन्त्रणमा प्रत्यक्ष खटिने स्वास्थ्य क्षेत्र लगायतका कर्मचारीलाईमात्र २०७६ चैत ९ गते पछि थप प्रोत्साहन भत्ता उपलब्ध गराउने उल्लेख छ।कार्यालयले देहाय बमोजिम संख्यामा पदाधिकारीहरुलाई राहत वितरण कार्यक्रममा सहयोग गरेबापत रु१०३६७५.० भुक्तानी गरेको छ।व्यवस्थापन आदेशमा तोकिए बाहेकका पदाधिकारीहरुलाई नतोकिएको सहयोग बापत भुक्तानी गरेको रु १०३६७५.० खर्च गरेको छ।</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

भौ.नं/मिति	पदाधिकारी संख्या	रकम
३४/२०७७/१/३१	८	२०४००.०
३३/२०७७/१/२९	९	२१२५०.०
३२/२०७७/१/२८	८	२२५००.०
२५/२०७७/१/२२	८	३९५२५.०
	जम्मा	**१०३६७५.०**

३८. **कोभिड खर्चः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६को उपनियम ८ अनुसार कुनै रकमको भुक्तानि दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ।कोभिड १९ को अवधिमा विभिन्न वडाहरुले खाना खाजा विभिन्न किराना पसलको विल वाट खर्च लेखेको छ।वडाहरुले राहत वितरण तथा अन्य खर्च गरेको विल भर्पाईको आधारमा खर्च लेखेको भए पनि निश्चत मापदण्ड, नमर्स , निर्णय तथा कार्यक्रम नखुलेको, लगडाउनको अवधिमा समेत होटल विल पेश गरी खर्च दाबि गरी सम्वन्धित पार्टि लाई भुक्तानी नगरी सोधभर्ना लिएको देखियो । जस्वाट उक्त भुक्तानी तथा खर्चको यथार्थता समेत यकिन गर्न सकिएन । तसर्थ यस्तो खर्चको सम्वन्धमा सम्वन्धित निकायको ध्यानाकर्षण हुनु पर्ने देखियो ।यसरी निर्णय र खर्चको नमर्स वेगर भुक्तानी भएको खर्चको केही उदारहण निम्न छन ।

गो.भौ.र मिति	खर्च विवरण	भुक्तानि लिनेको नाम	खर्च लेखेको रकम
८५।०७७।३।१७	ग्यास चुल्हो लगायत	लाटा कपाली सप्लायर्स	६६१९२।००
८५।०७७।३।१७	अण्डा ,खाध्यान्न	चन्द्र सूर्य जनरस्टोर	१५६२२०।००
८७।०७७।३।१७	खाध्यान्नको विल वाट	खड्ग व.बोहोरा १० नं.वडा अध्यक्ष	१८७४१५।००
९०।०७७।३।१९	सिरक डसना ३० सेट	बैजनाथ स्टोर बेहडा बाबा	१३४०३६ दाखिला नभएको
९२।०७७।३।१९	पाईप खरिद	जि बि एल हार्डवेयर बन्दना हार्डवेयर	४६६९५।०० प्रयोजन स्पष्ट नभएको
९४।०७७।३।२२	चामल खरिद वडा नं ५ राहत वितरण	अवस्थि किराना पसल	८८८९०।००
९६।०७७।३।२२	पदाधिकारी बैठक र अनुगमन भत्ता	विभन्न पदाधिकारीहरु	९००००।००
१००।०७७।३।२४	क्वारेन्टिन व्यवस्थापन	खड्क वहादुर पाल	६९०००।००
१०२।०७७।३२४	खाना खर्च	वडा नं १ क्वारेन्टिन	१२२५००।००
११०।०७७।३।२५	पाईप खरिद	एलिसा हार्डवेयर	१७५५००।०० प्रयोजन स्पष्ट नभएको
११८।०७७।३।३०	फर्म तथा सिरक डसना	विभिन्न फर्म	१८६८००।००
१२०।०७७।३।३१	चामल तेल	शुभम स्टोर	१८९२५।००

३९. **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७८ मा अनुसार आर्थिक वर्षभित्र फछ्यौंट गर्ने गरी पेश्की उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समिति तथा व्यक्तीहरुलाई उपलब्ध गराएको पेश्की मध्ये निम्नानुसार रु ३३००००।– लेखापरीक्षण अवधिसम्म फछ्यौंट गरेको देखिएन । नियमावलीको नियम ७९ अनुसार फछ्र्योट हुन बाँकी रहेको पेश्की रकम रु ८००६३२२.० फछ्यौंट गर्नु गराउनु पर्ने देखिएको रु

बेरुजू रकम: ३३००००.०

बजेट शिर्षक	पेश्की लिनेको नाम	फछ्यौंट हुन बाँकीपेश्की रकम
दैवि प्रकोप व्यवस्थापन	वडा नं ४ दिपेन्द्र थापा	१,५०,०००।
दैवि प्रकोप व्यवस्थापन	दिपेन्द्र प्रसाद पन्त	५००००।००
दैवि प्रकोप व्यवस्थापन	वडा नं ४ खेमराज पाठक	४००००।००
दैवि प्रकोप व्यवस्थापन	वडा नं ३ गणेश दत्त पनेरु	४००००।००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	दैवि प्रकोप व्यवस्थापन / वडा नं ३ गोविन्द राज भट्ट / ५००००.०	
	जम्मा / ३३००००.०	
	सशर्त पूँजिगततर्फ	
४०.	**पेश्कीः** २१- २०७६/११/२१ सार्वजनिक खरीद ऐन २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात पेश्की दिंदा खरीद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने र पहिलो पटक पेश्की दिदा स्वीकृत पेश्की रकमको आधारमा नबढ्ने गरी दिने व्यव्स्था गरेको छ ।बाँकि पेश्की उपलब्ध गराउदा कामको प्रगतिको आधारमा दिन सकिने व्यव्स्था छ । नगरपालिकाले वडा नं १,२, र ११ को स्वास्थ्य केन्द्रको भवन निर्माण कार्यमा सो अनुसार पेश्की उपलब्ध नगराई पुरै रकम उपलब्ध गराएको छ साथै कार्य प्रारम्भ गर्नु अगावै तोकिएको सामानको विमा गर्नुपर्नेमा विमा गरेको छैन । प्रयोग गरिएका सामानको गुणस्तर प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो समेत राखेको छैन ।	
४१.	**बढी भुक्तानिः** विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रममा विद्यालयहरुको कक्षा कोठा निर्माण कार्यमा स्वीकृत वार्षिक कार्यक्रम भित्र रही निकासा दिनुपर्दछ । नगरपालिकाको घटाल मा.वि नुवाकोटलाई शैचालय निर्माणमा स्वीकृत रकम भन्दा रु १६६२७.० बढी भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने	१६६२७.०
	सशर्त चालुतर्फ	
४२.	**सहजिकरण वापतको भत्ताः** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को परिच्छेद ७ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि सेमिनार लगायतका खर्चको मापदण्ड मा उल्लेख भए अनुसार सम्बन्धीत कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने व्यवस्था छ ।तालिम संयोजन वापत एक कार्यक्रमको रु ४०० तोकिएको । कार्यालयले देहाएमा कार्यक्रमम संचालनमा उल्लेखित व्यवस्था विपरित सहजकर्ता भत्ता वापतको रकम भुक्तानी गरेकोमा नर्म्स विपरीत भुक्तानी भएको भत्ता रकम सम्बन्धितबाट असुल गरिनु पर्ने रु	१३८५५.०

भौ नं मिति	कार्यक्रम	बापत	नर्म्म अनुसार पाउनु पर्ने	भुक्तानि भएको	बढी भुक्तानी(कर कट्टा पछि)
६, २०७६।०६।१५	१ दिने आत्महत्या रोकथाम दिवस	सहजकर्ता(२ जना)	८००(२*४००)	३०००	१८७०
६, २०७६।०६।१५	२ दिने Dengue तथा Scrub Typhus Orientation	सहजकर्ता(२ जना)	१६००(२*४००*२)	६०००	३७४०
६, २०७६।०६।१५	१ दिने क्षयरोगको चौमासिक समिक्षा बापत	सहजकर्ता(४ जना)	१६००(४*४००)	६०००	३७४०
८ २०७६।०७।०५	१ दिने विश्व मानसिक स्वास्थ्य सेवा दिवस	सहजकर्ता(३ जना)	१२००(३*४००)	४५००	२८०५
३७ २०७६।०९।२५	मासिक बैठक समीक्षा	सहजकर्ता(१ जना)	८००(१*४०० *२)	२८००	१७००
जम्मा			५२००	१६५००	१३८५५

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४३.	**भ्रमण अवधिमा स्थानीय भत्ता भुक्तानीः** भ्रमण खर्च नियमावलि,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भंमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठिक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ ।कार्यालयबाट विभिन्न समयमा देहाय बमोजिमका कर्मचारीहरुको भ्रमणमा स्थानिय भत्ता नकाटिएको रकम सम्बन्धितबाट असुल गरिनु पर्ने रु	१७१०७.०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

भौ नं मिति	कर्मचारीको नाम	पद	भ्रमण दिन	स्थानिय भत्ता दर प्रति दिन	कट्टि हुनुपर्ने रकम
७, २०७६।०६।१६	महाविर शांकि	पशु विकास अधिकृत	२९	१२५	३६२५
७, २०७६।०६।१६	शिवराज पाण्डेय	प.स्वा.प्रा.	१२	१०२	१२२४
७, २०७६।०६।१६	शकुन्तला भट्ट	ना.प.स्वा.प्रा.	६	१०२	६१२
५७ २०७६।११।०६	महाविर शांकि	पशु विकास अधिकृत	१२	१२५	१५००
५७ २०७६।११।०६	शिवराज पाण्डेय	प.स्वा.प्रा.	६	१०२	६१२
५७ २०७६।११।०६	शकुन्तला भट्ट	ना.प.स्वा.प्रा.	६	१०२	६१२
७८ २०७६।०२।०२	महाविर शांकि	पशु विकास अधिकृत	६	१२५	७५०
८२ २०७६।१२।०६	लोकराज पनेरु	ज.स्वा.नि.	६	१२५	७५०
९० २०७६।११।०६	महाविर शांकि	पशु विकास अधिकृत	६	१२५	७५०
९० २०७६।११।०६	शिवराज पाण्डेय	प.स्वा.प्रा.	६	१०२	६१२
९० २०७६।११।०६	शकुन्तला भट्ट	ना.प.स्वा.प्रा.	६	१०२	६१२
७९ २०७७।०३।१६	लक्ष्मी उपाध्याय	प्र.प्र.अ.	४	१२५	५००
९० २०७६।११।०६	गणेश विष्ट	स्वास्थ्य अधिकृत	३	१२५	३७५
१२९ २०७७।०३।१८	महाविर शांकि	पशु विकास अधिकृत	५	१२५	६२५
१३० २०७७।०३।१८	महाविर शांकि	पशु विकास अधिकृत	६	१२५	७५०
१३६ २०७७।०३।२०	जितराज उप्रेति	ना.सु.	६	१०२	६१२
१२२ २०७७।०३।११	दल बहादुर खड्का	अधिकृत छैटौं	६	१२५	७५०
१२२ २०७७।०३।११	हम प्रसाद न्युरो	प्रा.स.	६	१०२	६१२
१२२ २०७७।०३।११	प्रकाश भट्ट	ना.प्रा.स.	६	१०२	६१२
१२२ २०७७।०३।११	रमेश प्रसाद औझा	प्रा.स.	६	१०२	६१२
जम्मा					१७१०७

४४. **छात्रवृत्ति रकमः** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७६/७७ क्रियाकलाप नं ७.२.१.१ को ४.२ बुँदामा **IEMS** मा प्रविष्ट तथ्याङकलाई सम्बन्धित विद्यालयलाई कक्षागत विद्यार्थिहरुको यथार्थ तथ्याङकसंग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले आधारभूत तह(१-८) छात्रा छात्रवृति र दलित छात्रवृति देहाय बमोजिम वितरण गरेको छ।गैह्रआवसिय छात्रवृति शैक्षिक सत्र २०७७ साल वैशाखमा भर्ना भएकाले मात्र

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पाउने व्यवस्था छ तर विद्यार्थी भर्नाको आधारमा निकासा रकम भन्दा छात्रवृति वितरण भर्पाई कम भई बाँकि हुन आउने रकम रु. १८८००/- र अन्य विद्यालयहरुबाट पनि प्रमाणित विद्यार्थि संख्या र २०७७ मा विद्यार्थि भर्ना यकिन गरी फिर्ता हुनु पर्ने छात्रवृत्ति रकम तहाँबाट छानविन गरी असुल हुनुपर्ने	१८८००.०

विद्यालयको नाम	आधारभूत तह(१-८) छात्रा र दलित छात्र प्रमाणित संख्या	निकासा रकम (प्रति विद्यार्थि रु.४००)	भर्पाई रकम	फिर्ता हुनुपर्ने रकम
वैजनाथ मा.वि.	१५९	६३६००	५७२००(१४३ *४००)	६४००
उग्रतारा मा.वि.	१८२	७२८००	६०४००(१५१ *४००)	१२४००
जम्मा			११७६००.०	१८८००.०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४५.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १,३,८ र ९ वडाका ३१७ जनालाई रोजगारी उपलव्ध गराई रु. ५२२८७०.००खर्च गरेको छ ।लक्षित वर्गलाई १३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन।साथै श्रमिकहरुको पारिश्रमिक बैंकमार्फत मात्र भुक्तानी गरिनुपर्नेमा सो व्यवस्थ कार्यान्वयन गरेको छैन।	

वडा नं	कार्यक्रम/योजना संचालन	रोजगार संख्या	कुल खर्च रकम	तलबमा खर्च भएको रकम
१	१	३०	१८१८००.०	विवरण प्राप्त नभएको
३	३	१३३	८०४१६८.०	विवरण प्राप्त नभएको
८	२	१०९	५०८५२२.०	विवरण प्राप्त नभएको
९	२	४५	२७२७००.०	विवरण प्राप्त नभएको
जम्मा				५२२८७०.००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नगरपालिका पूँजिगततर्फ	
४६.	**विल वा विजकको भुक्तानी सम्बन्धमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३मा (८) विल वा विजकको भुक्तानीमा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्ट पेयी चेकको माध्यमवाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कतिपय कार्यक्रम्मा कार्यालयले विभिन्न आपूर्तिकर्तालाई रकम भुक्तानी गर्दा कर्मचारीले पेश्कि लिई नगद भुक्तानी गरेको देखिन्छ । नियमको पलानामा कार्यालयको ध्यान जानु पर्दछ ।	
४७.	**गत वर्षको भुक्तानीः** २३।०७६।७।७ रकम अपर्याप्त भएको तर खर्च नगरेमा हानी नोक्सानी हुने वा सो कार्य नगरेमा सेवा प्रवाहमा असर पर्ने परिस्थितिमा चालु वर्षको आयले नखामेको खर्च आगामी वर्ष भुक्तानी हुने गरी दायीत्व सिर्जना हुने परिस्थतिमा त्यस्तो खर्च लेख्न सम्वद्ध पदाधिकारीको स्वीकृती लिई भूक्तानी दिने वर्षको कार्यक्रममा समेत समावेश गरी वजेट व्यवस्था र खर्च अनुमोदन सभावाट गर्नु पर्दछ।गत वर्ष नै दायित्व सृजना हुने गरी विल भरपाई पेश भएर भुक्तानी गर्न बाँकी रहेको शौर्यशक्ति जडान उपपभोक्ता समितिले २०७६।३।२४को स्मार्ट सोलर प्रा लि ले पेश गरेको बिलको आधारमा यो बर्ष रु १८६२०००। भुक्तानी गरेको देखियो । यसरी जुन वर्षको आम्दानी र खर्च हो सोही वर्ष भुक्तानी हुने गरी मितव्ययी रुपमा खर्च गर्नुपर्नेमा सो अनुरुप नगरी बीत्तीय समानीकरण पूंजिगत तर्फवाट मात्र रु १८६२०००। भुक्तानी गरेको देखिन्छ ।	
४८.	**उपभोक्ता मार्फत खरिद कार्यः** २३।०७६।७।७ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक(६)मुल्यांकन भई आएको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ ।सौर्यशक्ती जडानको लागि आवस्यक सामान उपभोक्ता समिति मार्फत स्मार्ट सोलर प्रा.लि.संग संझौता गरी सोझै रु ३०,७७,७८१।२० को सामान खरिद गरेको देखियो ।उपभोक्ता समितिले यसरी सप्लायर्स संग सोझै संझौता गरी खरिद गर्न नियमानुसार मिल्ने देखिंदैन ।तसर्थ सो सम्वन्धमा आधार सहित स्पष्ट हुनु पर्ने देखियो।	
४८.१.	उपरोक्त बमोजिम सो प्रा लि संग भएको संझौता अनुसार सोलारको वारेन्टी अवधि१ वर्षको हुने प्रा लि वाट धरौटी वापत ५ प्रतिशत कट्टा गरीनु पर्ने उल्लेख भएकोमा संझौता अनुसार रु १,५३,८८९।– धरौटी कट्टा गर्नु पर्नेमा कट्टा नगरेकोले धरौटी माग गर्नु पर्ने देखिएको रु	१५३८८९.०
४९.	**मुल्यांकन भन्दा वढीः** ३२१।०७७।३।२५सार्वजनिक खरिद नियमावलि २०६४को नियम १२३(१)ख अनुसार खरिद संझौता अनुसार सार्बजनिक निकायले सम्झौतामा उल्लेखित प्रावधान बमोजिम निर्माण कार्य सम्पन्न भई प्राबिधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने ब्यवस्था गरेको छ ।टुडीखेल मालिया सडक मेशिनरी वाल निर्माण वापत विवेक निर्माण सेवालाई भुक्तानी दिंदा कार्य मुल्यांकन अनुसार ४७४०७१।००मात्र भुक्तानी दिनु पर्नेमा रु४,७७,५१७।०० भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी गरेको रु ३,४४४।– असुल हुनु पर्ने रु	३४४४.०
५०.	**मु.अ.कर समायोजनः**मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्तर्गत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्धिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयं कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी उपरोक्त बमोजिमको भुक्तानीमा आपूर्तकलाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको निम्नानुसार मु अ कर रु ६,५१,६९९।– सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु.	६५१६९९.०

गो.भौ.र मिति	आपूर्तकको नाम	भुक्तानी रकम	भुकतानी भएको मु अ कर रकम
२।०७६।५।२२	कल्पना कन्स्ट्रक्सन	२६१०३०	३००३०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	११।०७६।६।१५ | पर्फेक्ट कन्स्ट्रक्सन क | ४९९४६० | ५७४६०	
	२३।०७६।७।७ | स्मार्ट सोलर प्रा लि | २१२४४०८ | २४४४०१	
	६६।०७६।११।७ | चन्दननाथ कन्सल्टेन्सी | ४९४००० | ५६८३२	
	५८।०७६।९।२४ | डि बी मल्टी एक्सट्रिम डिजाईन सोलुसन | ९६४३८० | ११०९४६	
	१२३।०७७।१।३० | एसलोजिक ई कन्सट्यान्स प्रा लि | २३७७०० | २७३४६	
	१३५।०७७।२।६ | ईम्पेरियल ई सोलुसन प्रा लि | ३५०००० | ४०२६५	
	४०५।०७७।३।३१ | राजेन्द्र निर्माण सेवा | ७३३७९७ | ८४४१९	
	जम्मा | ५६,६४,७७५।– | ६,५१,६९९।–	
५१.	**सर्वे खर्चः** १६१।०७७।२।२२ आर्थिक कार्यबिधि नियमावली २०६४को नियम ३६मा कुनै (८) रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने व्यवस्था गरेको छ ।समपुरक अन्तरगतका विभिन्न आयोजनाहरुको सर्वे गरेको देखाई विभिन्न १० जनालाई भौ नं १६०,१६१ र १६६ वाट क्रमश रु १,३७,८४०।–,१४५१७६।–र १५५८८५।– समेत जम्मा रु ४,४३,१७७।– सर्वे गरेको पारीश्रमिक वापत भुक्तानी गरेको देखियो ।सो सम्बन्धमा देखिएका अन्य ब्यहोरा निम्न छन्।	
५१.१.	उपरोक्त बमोजिम योजनाहरु सर्वे गरेको भनी पालिकाका कर्मचारी हरुलाई थप पारीश्रमिक भुक्तानी दिन मिल्ने आधार देखिएन । विभिन्न परामर्शदाता वाट योजनाहरु सर्वे गराएको भनी भुक्तानी खर्च लेखेको देखिन्छ ।	
५१.२.	आयकर ऐन २०५८ बमोजिम रु १९,७७६। कट्टा गर्नु पर्नेमा रु १८,५००।मात्र कट्टा गरेको देखिएकोले घटी कट्टा गरेको रु १,२७६।र कट्टा गरेको कर रु १८,५००। राजस्व दाखिला गरेको नदेखिएको समेत कर दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु	१९७७६.०
५१.३.	उपरोक्त वमोजिम नियमित पारीश्रमिक खाने स्थायी कर्मचारी वाट नियमित गर्नु पर्ने कामको थप पारीश्रमिक दिन मिल्ने आधार नदेखिएको रु	४४३१७७.०
५२.	**पाईप र कर्कट पाता वितरणः** २०९/२०७७/३/९, सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(६) मा उपभोक्ताको हरेक भुक्तानीमा कामको प्राविधिक मूल्याङ्कन भई आएको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ।बिभिन्न व्यक्तीहरुको निवेदनको आधारमा अनिल मेटल पसलको बिलको आधारमा ४३३५मीटर एच डि पी पाईप र २० थान कर्कट पाताको रु ३,६५,२५३।०० भुक्तानी खर्च लेखेको देखियो ।त्यस्तै भौ नं.२०९।०७७।३।९ वाट समेत सोही पसलको विलवाट रु ३,६५,२५३।– को पाईप खरिद गरेको देखिएकोमा प्रयोजन नखुलाएको पाईप खर्चको यथार्थता यकिन प्रमाण पेश भएन । यसरी सभावाट स्वीकृत कार्यक्रम वेगर निवेदनको आधारमा पाईप र कर्कट पाता वितरण गरेकोमा सो कार्यको प्राविधिक मुल्यांकन पेश गर्नु पर्ने रु	३६५२५३.०
५३.	**बैठक भत्ताः**२४२।०७७।३।१८ आर्थिक कार्यबिधि नियमावली २०६४को नियम १२१ तथा नेपाल सरकारको कार्यसंचालन निर्देशिका 2076 ,को भत्ताको स्पष्ट मापदण्ड बनाएको छ । जस मा बैठक 7.1.1 अनुसार कानुन अनुसार गठन भएका समिती हरुको वैठक भत्ता प्रदान गर्ने र यस्तो वैठक पनि कार्यालय समय अगाडी वा पछाडी हुनुपर्ने र स्पष्ट कार्ययोजना एवं विषयवस्तु समेत हुनुपर्ने व्यवस्था छ । तर यस्तो भत्ता एउटै निकाय वा अन्तर्गतका पदाधिकारीकर्मचारी मात्रै बस्ने वैठकमा भत्ता प्रदान गर्न नपाउने / व्यवस्था रहेको छ । तर पालिकाले एउटै निकायका पदाधिकारी मात्रै संलग्न रहेको तथा कार्यालय समय जस्तै २०७७।३।३ गते बुधवार दिउसो २ वजे बसेको वैठकको १५ जनाको २२,५००।– समेत विभिन्न् १२ वैठकको रु २,०१,०००।– भत्ता खर्च लेखेको छ । त्यस्तै पटक पटक वैठक वसेको देखाई वैठक	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वाट उल्लेखनीय निर्णय नहुने र वैठकमा सहभागि भएको आधारमा भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	२०१०००.०
५४.	**बढी मुल्यांकनः**२८४।०७७।३।२२ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७मा (६) उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ।स्याडा खानेपानी निर्माण उपभोक्ता समितिको खानेपानी पाईप जडानको लागि रु २१७६१९।००को लागत अनुमान स्वीकृत गरेकोमा रु २२१२०१।३८को मुल्यांकन भए बमोजिम उपभोक्तालाई जन श्रमदान कटाई भुक्तानी दिएकोमा सोको प्राविधिक मुल्यांकनअनुसार (नापी किताव) मीटर पाईप जडान गरेको देखाईएकोमा जम्मा १५५०मीटर पाईप खरिदको विल तथा सप्ला २७००ई गरेको देखिएकोले ११५० मीटर पाईप वढी जडान गरेको देखाई रु २११.६६ के जी को रु ६३,३६४।०० बढी मुल्यांकन गरेको देखिन्छ ।अर्को तर्फ २७०० मीटर पाईप जडान गरेको देखाएकोमा ३००० मीटर पाईप लाईनिङ्गको काम भएको देखाई ३०० मीटर लम्वाईमा ०.३०मीटर चौडा र ०.२२मीटर उचाईको १९.८ घनमीटर नगरेको कामको रु ७,१२८।०० बढी मुल्यांकन गरेको देखिएकोले उक्त मुल्यांकनको यथार्थता यकिन हुन सकेन ।तसर्थ यस्तो प्राविधिक मुल्यांकन गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार वनाई वढी भुक्तानी गरेको रकम असुल हुनु पर्ने देखिएको रु	७०४९२.०
५५.	**अनुदानः**३५६।०७७।३।२८ नगरपालिकाको मिति २०७७।२।२०को निर्णयले विभिन्न वडाहरु मार्फत ६ वटा विध्यालयको लागि रु ३८,२५,०००।– अनुदान पठाएको देखियो ।सो अनुदान दिने आधार र सो अनुदान सम्बन्धमा सभावाट कार्यक्रम स्वीकृत नभएको र अनुदानको प्रयोजन समेत पुष्टि हुने गरी अनुगमन प्रतिवेदन प्राप्त गर्नुपर्ने रु	३८२५०००.०
५६.	**ब्यवस्थापन खर्चः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७मा उपभोक्ताको हरेक किस्ताको (४) भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्दीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । नियम ९७)८मा(सार्वजनिक निकायले सम्बन्धित उपभोक्ता समितिलाई प्राविधिक सहयोग गराउन नसक्ने भएमा सो कार्यको लागि आबस्यक जनशक्ती उपभोक्ता समिति आफैले करारमा नियुक्त गर्न सक्ने र सोको पारीश्रमिक वापत लगात अनुमानको ३ प्रतिशतमा नवढ्नेगरी कन्टीजेन्सी रकम वाट भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ ।यस पालिकाले प्राय सवै उपभोक्ताको योजना हरुमा कन्टीजेन्सीको अतिरिक्त व्यवस्थापन खर्च भनी मुल्यांकनमा जोडी भुक्तानी दिने गरेको र उपभोक्ताले विभिन्न होटलहरुको खाजा नास्ताको विल पेश गरी भुक्तानी लिएको देखियो ।यसरी नियममा नभएको शिर्षकमा रकम समावेश गरी भुक्तानी गर्न र असम्बन्धित खर्चको विल राखि भुक्तानी लिएको देखिन्छ ।	
५७.	**आईटम फरक परेकोः** ३२३।०७७।३।२५ सार्वजनिक खरिद नियमावलि २०६४को नियम १२३ख (१) बमोजिम निर्माण कार्य अनुसार खरिद संझौता अनुसार सार्बजनिक निकायले सम्झौतामा उल्लेखित प्रावधान सम्पन्न भई प्राबिधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने ब्यवस्था गरेको छ ।टुडिखेल भालिया दुमुडा भालुमारै सडक चेनेज नं.०+००० देखि ८+१८० कि मी सडक निर्माणको लागिराजेन्द्र निर्माण सेवा संग मु अ कर समेत रु १,९१,२३,१३०।३५ मा संझौता भएको देखियो। सोको प्रथम रनिङ विलको रु ६१,०३,५५२।६२भुक्तानी गरेकोमा सोको लागत अनुमानमा पि सि सि वर्कस फर आर सी सी १:१.५:३ फर रोड पेभमेन्ट उल्लेख भएकोमा उक्त कार्यको मुल्यांकनमा १:२:४ को दरले पि सि सि को काम गरेको आधारमा भुक्तानी दिएको देखिन्छ ।यसरी लागत अनुमान भन्दा फरक काम गरी संझौता अनुसारको उल्लेखित दरले भुक्तानी लिएको देखिंदा सो	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनु पर्ने देखियो ।साथै उक्त फरक आईटमको काम पुन नापजाँच गराई थप गराउनु पर्ने देखियो ।	
	समानीकरण चालुतर्फ	
५८.	**डोजर, लोडर, एक्साभेटर मर्मत :** नगरपालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यस वर्ष कार्यालयले रु ३३९६८८.० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु १७४०००.० मात्र आम्दानी गरेको छ ।नगरपालिकाद्वारा अन्य मर्मत सम्भारमा समेत यसको प्रयोग भएको देखिएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि यस्ता हेभी मेशिनरी औजारकव उपयोग तर्फ प्रयास हुनु पर्दछ।	

मेशिनरी	संख्या	मर्मत तथा ईन्धन रकम	आम्दानी रकम
ब्याक हो लोडर	१	१११७५६.००	१७४०००.००
टिप्पर	०	०	
अन्य	१	२२७९३२.००	
जम्मा		३३९६८८.०	१७४०००.०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
५९.	**मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले गाडी, मोटरसाईकल तथा डोजरको मर्मतमा रु १८५७७३१.० खर्च गरेकोमा, मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले, खर्चको वास्तविकता यकिन गर्न सकिएन।	
६०.	**आन्तरिक लेखापरीक्षण बापत थप पारिश्रमिक भुक्तानीः** २४/२०७६/६/१५, कार्यालयमा कार्यरत नायब सुब्बा लाल बहादुर साँउदलाई आन्तरीक लेखापरीक्षण बापतको पारिश्रमिक करकट्टी बाहेक रु १७०००.० भुक्तानी गरेको छ।कार्यालयमा कार्यरत स्थायी कर्मचारीले, कानुन बमोजिमको सुविधा बाहेक कार्यालयको कार्य गरेबापत थप पारिश्रमिक भुक्तानी लिन मिल्ने नदेखिएकोले, आन्तरिक लेखापरीक्षणबापत निजलाई भुक्तानी भएको रु १७०००.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु	१७०००.०
६१.	**संगठन संरचना निर्माणका लागि भुक्तानीः** १४०/२०७६/७/२०, सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ।कार्यालयले संगठनात्मक संरचना र संगठनका पदहरुको कार्यविवरण तयारी बापत गोदार कन्सल्टेन्सी प्रा.लिलाई रु १९६०३०.० भुक्तानी गरेको छ।कार्यालयले सोको भुक्तानीमा लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने संगठन संरचना कार्यालयको जनशक्तिबाट तयार हुन नसक्ने कारण पेश भएको छैन।	
६२.	**सहभागी भत्ताः** १६२/२०७६/९/११, अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१५ मा कार्यक्रममा सहभागीलाई सहभागिता बापत रु १०० सहभागी भत्ता भुक्तानी गर्ने उल्लेख छ।कार्यालयले बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन बापत रु ६१४३८०.० भुक्तानी गरेको छ।संलग्न फाँटवारीमा	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>उक्त कार्यक्रम संचालन प्रस्ताव तथा सम्पन्न प्रतिवेदन पेश भएको छैन भने कार्यक्रममा सहभागी ३५३ जनालाई सहभागीता बापत रु ५००.० को दरले रु १६३५००.० भुक्तानी गरेको छ। कार्य संचालन निर्देशिकामा तोकिए भन्दा प्रति सहभागी रु ४०० का दरले बढी भुक्तानी भएको रु १४१२००.० सम्बन्धितबाट असुल गरिनुपर्ने रु</td><td>१४१२००.०</td></tr>
<tr><td>६३.</td><td>प्रशिक्षक भत्ता बढी भुक्तानीः १६२/२०७६/९/११, अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१५ मा कार्यक्रममा प्रशिक्षकलाई रु १५००.० प्रशिक्षण भत्ता भुक्तानी गर्ने उल्लेख छ। कार्यालयले नगरपालिकाबाट सबै वडामा संचालित बालमैत्री स्थानीय शासन तालिम संचालनमा देहायका प्रशिक्षकहरुलाई रु २०००.० दरले भुक्तानी गरेको छ। निर्देशिकामा तोकिए बमोजिमभन्दा रु ५००.० को दरले बढी भुक्तानी भएको रु २७८५०.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं</th><th>नाम</th><th>शेसन</th><th>भुक्तानी भएको रकम(करकट्टी पश्चात)</th><th>भुक्तानी हुनुपर्ने रकम(करकट्टी पश्चात)</th><th>बढी भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>हेमन्त राज पन्त</td><td>१४</td><td>२३८००.०</td><td>१७८५०.०</td><td>५९५०.०</td></tr>
<tr><td>२</td><td>मिन राज ओझा</td><td>६</td><td>१०२००.०</td><td>७६५०.०</td><td>२५५०.०</td></tr>
<tr><td>३</td><td>बिष्णु राज भट्ट</td><td>१४</td><td>२३८००.०</td><td>१७८५०.०</td><td>५९५०.०</td></tr>
<tr><td>४</td><td>लाल बाहदुर साउँद</td><td>२२</td><td>३७४००.०</td><td>२८०५०.०</td><td>९३५०.०</td></tr>
<tr><td>५</td><td>बिमला पन्त</td><td>२</td><td>३४००.०</td><td>२५५०.०</td><td>७५०.०</td></tr>
<tr><td>६</td><td>पदम राज भट्ट</td><td>६</td><td>१०२००.०</td><td>७६५०.०</td><td>२५५०.०</td></tr>
<tr><td>७</td><td>पदम बा ऐर</td><td>२</td><td>३४००.०</td><td>२५५०.०</td><td>७५०.०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२७८५०.०</td></tr>
</table></td><td>२७८५०.०</td></tr>
<tr><td>६४.</td><td>श्रमिक बालबालिका लगत संकलनः ५२६/२०७७/३/२२, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकम भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। कार्यालयले श्रमिक बालिबालिकाको लगत संकलन कार्यक्रमका लागी रु १०००००.० भुक्तानी गरेकोमा, लगत संकलनको विवरण तथा कार्यक्रम प्रतिवेदन पेश नभएकोले खर्च पुष्टिको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु</td><td>१०००००.०</td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
<tr><td>६५.</td><td>सामाजिक सुरक्षा खर्चः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७५।७६ मा ५ वडामा सामाजिक सुरक्षा भत्ता बापत रु ६०३१७८००.० वितरण गरेको छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ।</td><td></td></tr>
<tr><td>६५.१.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। कार्यालयले लगत कट्टी गरी विवरण समयमा अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाईएन।</td><td></td></tr>
<tr><td>६५.२.</td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	को बुँदा नं. १० मा बैंकले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ ।नगरपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormat खाताको विवरण नगरपालिकालाई प्राप्त भएको छैन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको यकिन गर्ने सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार नगरपालिकाले उक्त बैंकसँग Dormat खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।	
	विपद् व्यवस्थापन	
६६.	**विपद् व्यवस्थापन कोष** – विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७, मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ ।नगरपालिकामा रहेको उक्त कोषमा गत बर्षको मौज्दात ० रहेको, यो आ.व.मा रु १२१२९८०१.० जम्मा भएको र रु ११६३६०२७.० खर्च भएको र रु ४९३७७४.० बाँकी रहेको देखिन्छ।विपद् व्यवस्थापन कोषको कार्यविधि तयार गरी कार्य गर्नुपर्दछ।	
६७.	**पेश्कि बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने **रु**	६५००००.०

सि नं	पेश्कि लिनेको नाम	पद/ठेगाना	प्रयोजन	रकम रु
	म्याद नाघेको पेश्की			
१	लाल बहादुर साउँद	अमरगढी न पा	कार्यक्रम संचालन	५००००.०
२	भागेश्वार मा वि	टँटार	मोबिलाईजेसन	४०००००.०
३	दोगाडी स्टील ट्रस ब्रिज नि उ स	अमरगढी न पा	मोबिलाईजेसन	२०००००.०
			जम्मा	६५००००
	म्याद ननाघेको पेश्की			
४	शाही निर्माण सेवा	डडेल्धुरा	मोबिलाईजेसन	१४०००००.०
५	आलोक निर्माण सेवा	डडेल्धुरा	मोबिलाईजेसन	९०००००.०
६	जलदेवी निर्माण सेवा	डडेल्धुरा	मोबिलाईजेसन	८७५०००.०
७	सागर कन्ट्रक्सन	डडेल्धुरा	मोबिलाईजेसन	१०९४०००.०
८	उग्रतारा मा.बि पोखरा	अमरगढी न पा	मोबिलाईजेसन	७०००००.०
	जम्मा			४९६९०००.०

अमरगढी नगरपालिका सञ्चित कोष विवरण

अनूसुची १

२०७६।७७

(रु हजारमा)

क.स	स्थानीय तह	जिल्ला	आय						व्यय				मौज्दात बाँकी
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाडफाड	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	अमरगढी नगरपालिका	डडेल्धुरा	४०१३८	३४५३१२	५०७१०	२१५५०	१८५०९९	६४२८०९	२६८९१४	१९१७११	९७२१६	५५७८४१	८४९६७

बेरुजु वर्गकरण(बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनूसुची २

२०७६।७७

(रु हजारमा)

क.स	स्थानीय तह	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु								
		दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
		सै	ल	रकम	सै	ल	रकम	सै	ल	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	**जम्मा**
१	अमरगढी नगरपालिका	४६	२३	३०२४०	०	०	०	४६	२३	३०२४०	१०७७५	७१६८	११३१७	०	०	१८४८५	०	९८०	९८०

अद्यावधिक बेरुजु स्थिति

अनूसुची ३

२०७६।७७

(रु हजारमा)

स्थानीय तह	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
अमरगढी नगरपालिका	१९४९४	०	३८००	३८००	०	०	१५६९४	३०२४०	४५९३४	६०८८